नेपालमा पहिलो पल्ट टोस्टमास्टर्स डिस्ट्रिक्ट ४१ को तालिम

■ आर्थिक संवाददाता
काठमाडौं, साउन ११

टोस्टमास्टर्स इन्टरनेसनल डिस्ट्रिक्ट ४१ ले नेपालमा पहिलो पटक डिस्ट्रिक्ट अफिसर तालिम कार्यक्रम आयोजना गरेको छ । गत साउन ६, ७ र ८ मा आयोजना गरिएको यस तीन दिने कार्यक्रममा भारत र नेपालका ९० जनाभन्दा बढी डिस्ट्रिक्ट अफिसरहरू सहभागी थिए, जहाँ उनीहरूले आफ्नो नेतृत्व सीप विकास गर्दै सामाजिक सम्बन्ध बढाउने मौका पाएका थिए ।

कार्यक्रममा डिस्ट्रिक ४१ का अनुभवी तथा उत्कृष्ट नेतृत्व पंक्तिहरूले प्रेरणादायी वक्तव्य दिँदै तालिम सञ्चालन गरेका थिए । अमेरिकामा सन् १९२४ देखि सुरू भएको टोस्टमास्टर्स इन्टरनेसनल हाल विश्वका १४९ राष्ट्रहरूमा फैलिएको छ । नेपालमा यो संस्था सर्वप्रथम सन् १९९१ म सुरू भएको हो । तालिम समारोहमा नेपाली चलचित्र क्षेत्रका चर्चित कलाकार तथा बलिउडमा पनि आफ्नो प्रभुत्व जमाउन सफल प्रतिष्ठित कलाकार सुनिल थापाले प्रमुख अतिथिका रूपमा तालिमकर्तालाई सम्बोधन गरेका थिए । टोस्टमास्टर्स समुदायले समयप्रति देखाएको प्रतिबद्धता, व्यवस्थापन र व्यावसायिकताको प्रशंसा गर्दै उनले यो सीप व्यक्तिगत र व्यावसायिक जीवनमा पनि लागू गर्नसके धेरै प्रगति गर्न सकिने बताए । तालिममा टोस्टमास्टर्सको बजार प्रवर्द्धन गर्न, नयाँ क्लबहरू खोल्ने विषयलाई पनि प्राथमिकता दिइएको थियो । तालिम कार्यक्रम अन्तर्क्रियात्मक हुनुको साथै डिस्ट्रिक्ट ४१ का नवनिर्वाचित डिस्ट्रिक्ट अफिसरहरूको लागि अत्यन्तै जानकारीमूलक रहेको सहभागीहरूले बताए ।

रेड्मी नोट ११ प्रो नेपालमा सार्वजनिक

■ आर्थिक संवाददाता
काठमाडौं, साउन ११



स्मार्टफोन ब्राण्ड शाओमीले रेड्मी सिरिजअन्तर्गत रेड्मी नोट ११ प्रो नेपालमा सार्वजनिक गरेको छ । कम्पनीका अनुसार रेड्मी नोट ११ प्रोमा रहेको रियर क्वाड क्यामेरा सेटअपले विना कुनै सम्झौता उत्कृष्ट फोटोग्राफी अनुभव प्रदान गर्दछ ।

हाई-रेजोल्युसन र आश्चर्यजनक रंगहरूमा फोटोहरू क्याप्चर गर्न यस फोनमा १०८ एमपी मेन क्यामेरा, आठ एमपी अल्ट्रा-वाइड-एंगल क्यामेरा, ११८-डिग्री भ्युइङ्ग एंगल, दुई एमपी म्याक्रो क्यामेरा, दुई एमपीको डेप्थ क्यामेरा र १६ एमपीको फ्रन्ट क्यामेरा समावेश गरिएको छ । जस्तोसुकै प्रकाशको अवस्था, विशेष गरी मधुरो प्रकाशमा अविश्वसनीय फोटो खिच्नको लागि १०८ एमपी प्रो-ग्रेडको मेन क्यामेरामा सामसुङ एचएम२, १/१.५२ इन्चको ठूलो सेन्सर साइजको साथ नौ इन एक पिक्सेल बिनिङ टेक्नोलोजीको साथसाथै डुअल नेटिभ आईएसओ समर्थन गर्दछ । यस्तै रेड्मी नोट ११ प्रोमा पावर अपको लागि मिडियाटेक हेलियो जी९६ प्रोसेसर रहेको छ भने यसको फुल्यागशिप ६७ वाट टर्बो चार्जिङले यसमा भएको पाँच हजार मेगाहर्ज उच्च क्षमताको ब्याट्रीलाई १५ मिनेटमै ५१ प्रतिशतसम्म चार्ज गरिदिन्छ ।

२० हर्ज डिस्प्ले रिफ्रेस रेटको साथ ६.६७ इन्च एफएचडी प्लस एमोलेड डटडिस्प्लेको साथ रेड्मी नोट ११ प्रोले स्मूथ स्क्रोलिङ र ल्याग-फ्री ट्रान्जिसन सुनिश्चित गर्दछ । ट्रेन्डी फ्ल्याट-एज डिजाइनको डिस्प्लेको साथै, यसमा रहेको डुअल सुपर लिनियर स्पिकरहरूले गेमिङ वा भिडियोहरू हेर्नको लागि इमर्सिभ स्टेरियो साउन्ड प्रदान गर्दछ । ग्रेफाइट ग्रे, पोलर ह्वाइट, स्टार ब्लू गरी तीन रंगहरूमा उपलब्ध यी फोन ६/१२८ जीबी र ८/१२८ जीबी गरी दुईवटा स्टोरेज भेरियन्टमा उपलब्ध छन् । यसको नेपाली मूल्य क्रमशः ३४ हजार नौ सय ९९ रूपैयाँ र ३६ हजार नौ सय ९९ रूपैयाँ छ ।

नारायणगढ-बुटवल सडक चाँडो सम्पन्न गर्न निर्देशन

काठमाडौं, साउन ११ । प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले नारायणगढ-बुटवल सडक निर्माण निराशाजनक भएको भन्दै त्यसको छानबिन गरी आवश्यक कारबाही अघि बढाउन र आगामी दिनमा लागत नबढ्ने गरी निर्धारित समयमा गुणस्तरीयरूपमा काम सम्पन्न गर्न सरकारलाई निर्देश गरेको छ ।

बैठकले एशियन हाइवेका रूपमा स्तरोन्नति भइरहेको सो आयोजना सम्पन्न गर्नुपर्ने अवधिसम्ममा समष्टिगत प्रगति १८ दशमलव ४४ प्रतिशत रहेकामा समितिको ध्यानाकर्षण भएको उल्लेख छ । गत वर्ष माघ २८ गते समितिले स्थलगत अवलोकन गरी आवश्यक निर्देशनसमेत दिएको थियो ।

समितिले मित्र राष्ट्रहरूबाट निर्धारित शर्तसहितको अनुदान तथा ऋण सहयोगमा निर्माण तथा स्तरोन्नति भइरहेका आयोजना निर्धारित समयमा र गुणस्तरयुक्त रूपमा सम्पन्न हुन नसकेकाले र आर्थिक व्ययभार वृद्धि भइरहेकाले त्यसको तत्काल समीक्षा गरी पुनरावलोकन गर्न सरकारलाई निर्देशन दिएको छ ।

राष्ट्रियस्तरका र मुख्य सडक नै क्षतविक्षत हुने गरी पहुँच मार्ग निर्माण गर्ने प्रवृत्ति बढिरहेकाले निर्माणको नीतिगत मापदण्ड तत्काल निर्धारण गरी कडाइका साथ कार्यान्वयन गर्न सरकारलाई निर्देशन दिइएको छ ।

निर्माणाधीन अवस्थाको कालीकोट-जुम्ला जोड्ने पुल हालैको वर्षाका कारण चर्किएकाले त्यसको प्राविधिक पक्ष तथा गुणस्तर सम्बन्धमा छानबिन गरी प्रतिवेदन समितिमा पठाउन पनि निर्देश गरिएको छ । भारतको एक्जिम बैंकको सहयोगमा निर्माणाधीन बालाजु-रानीपीवा र रानीपीवा-पिपलबोट सडक निर्माण तत्काल अघि बढाउन आवश्यक व्यवस्था मिलाउन समितिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिले वर्षाले आएको बाढी पहिरोका कारण विभिन्न सडक तथा पुलमा क्षति पुगेकाले तीनको तत्काल मर्मत गरी यातायात सेवालाई सहजरूपमा चालु गर्ने व्यवस्था मिलाउन सरकारलाई भनेको छ । साँघुटार-घोडाखोरी-ओखलढुङ्गा सडक कालोपत्र गर्न ढिलाई भइरहेको भन्दै तीव्र गतिमा अघि बढाउन पनि निर्देशन दिइएको छ ।

भौतिक पूर्वाधारमन्त्री मोहम्मद इश्तियाक राईले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि नारायणगढ-बुटवल सडकबाट स्थलगत रूपमा आएर सडकको जटिलताका बारेमा छलफल गरेको बताउनुभयो । कतिपय आयोजनाको बजेट प्रदेशमा जाने तर आयोजना सङ्घमा नै रहने हुँदा कार्यान्वयनमा समस्या आउने गरेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "वैकल्पिक सडकको पैसा गए पनि प्रदेश वा स्थानीयले अहिले गर्न नसक्ने हुँदा एक पटक हामीले नै गर्नुपर्ने छ ।"

मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले नारायणगढ-बुटवल सडकमा तीन वर्षमा भएको प्रगति अति न्यून रहेको बताउनुभयो । कुनै पनि ठेक्का तोडेर नयाँमा जान पनि सजिलो नभएको उहाँले बताउनुभयो ।

समितिका सभापति कल्याणीकुमारी खड्काले वैदेशिक सहयोगको आयोजना राष्ट्रको पक्षमा छ छैन भनी सोच्नुपर्नेमा जोड दिनुभयो । तीन वर्षदेखि समितिले पटक-पटक भनिरहँदा पनि युटिलिटिसम्बन्धी कानुन आउन नसकेको उहाँले बताउनुभयो ।

समितिका सदस्य केदार सिग्देल, विद्या भट्टराई, कमला रोक्का, गणेशकुमार पहाडी, इन्दु शर्मा, जिप छिरिङ लामा, आशाकुमारी विक, टेकबहादुर बस्नेत, राजेन्द्रकुमार राई, शान्ता चौधरीलगायतले विभिन्न सडक आयोजना निर्माणमा ढिलाइ भइरहेकाले सरकारले चाँडो काम गराउन वा कारबाही गर्न ध्यान दिनुपर्ने बताउनुभयो । *रासस*

Government of Nepal
Ministry of Physical Infrastructure & Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office, Surkhet
Road Division Baitadi

Invitation for Bids (IFB) No. IFB-079/80-02

Date of first publication: 2079-04-12 (28th of July, 2022)

1. Road Division, Baitadi invites electronic bids from eligible domestic bidders for the construction works enlisted below:

S. N.	Contract No.	Name and Location of the Construction Work	Estimated Amount Excl. of VAT and Contingencies (NRs)	Bid Security Amount (NRs)	Validity of Bid Security (Days)	Non Refundable Bid Document Fee (NRs)
1	RDBTD/337310 113/079/80-08	Periodic Maintenance works At Khodpe-Bitthad Section (Ch.000+000-29+500) of Khodpe-Chainpur Road (NH-64).	-	1680000	120	5000
2	RDBTD/337310 113/079/80-09	Periodic Maintenance in Satbanjh- Gokuleshwar Section of Satbanjh - Gokuleshwar - Thaktholi - Tinker Mahakali Highway NH 66 CH 0+000-18+000	-	680000	120	5000

Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np/egp.

Last Date and Time for Bid Purchase and Bid Submission		Date and Time for Bid Opening	
Date: B.S. 2079/05/12(A.D.2022/08/28) Time: Within 12:00 hours		Date: B.S. 2079/05/12(A.D.2022/08/28) Time: At 13:00 hours	
Cash Deposit for Purchase of Bid Document		Cash Deposit for Bid Security (optional if bidder submits Bank Guarantee from A Class Bank)	
Bank:	Rastriya Banijya Bank, Baitadi	Bank:	Rastriya Banijya Bank, Baitadi
Account Name:	Road Division Baitadi	Account Name:	District Treasury Controller Office, Baitadi
Account Number:	1000200010000	Account No.	4050100102030000
Office code:	337017401	Office Code	305017401
Revenue Head:	14229		

Division Chief

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Surkhet
Road Division, Jumla

INVITATION FOR BIDS

Notice No. 2-079/80

First Date of Publication: 2079/04/12 (28th Jul 2022)

Road Division, Jumla invites bids from eligible domestic bidders for the Road improvement works as listed below:

SN	Contract Number	Name of Works	Estimate Amount(NRs) (Excluding VAT)	Bid Security Amount (NRs)	Bid Document Price (NRs)	Required turnover (NRs.)	Required Bid Capacity (NRs.)
1	RDJML/337310 113/079/80-05	Road Rehabilitation works on Serighat to Meyar Khola (Ch 143+000 to 145+000) on Karnali Highway Kalikot	NA	821,000.00	5000	NRs 50.00 Million	NRs 33.00 Million
2	RDJML/337310 113/079/80-06	Specific Maintenance works on Karnali Highway Kalikot (near Balighat Ch 183+000 to 184+500)	15,057,799.37	376,000.00	3000	NA	NA
3	RDJML/337310 113/079/80-07	Recurrent Maintenance works on Dahikhola to Khulalu (Ch 132+000 to 136+000) on Karnali Highway Kalikot	9,489,946.08	237,000.00	3000	NA	NA
4	RDJML/337310 113/079/80-08	Periodic Maintenance works on at Khulalu to Ghodengaa (Ch 136+000 to 138+000) on Karnali Highway Kalikot	1,788,823.78	45,000.00	3000	NA	NA
5	RDJML/337310 113/079/80-09	Recurrent Maintenance works Ch 15+000 to 15+900 on Nagma- Gamgadhi Road, Jumla	4,958,327.39	124,000.00	3000	NA	NA
6	RDJML/337310 113/079/80-10	Specific Maintenance works on Talchaa to Rara on Rara Highway Mugu	9,491,407.16	237,000.00	3000	NA	NA
7	RDJML/337310 113/079/80-11	Specific Maintenance works on Ch 16+000 to 16+500 on Nagma- Gamgadhi Road, Jumla	1,795,017.27	45,000.00	3000	NA	NA
8	RDJML/337310 113/079/80-12	Road Safety works on Karnali Highway (Ch 132+000 to 203+000 Dahikhola - Nagma Section), Kalikot	4,267,752.25	107,000.00	3000	NA	NA
9	RDJML/337011 384/079/80-13	EMERGENCY ROAD MAINTENANCE WORK ON Karnali Highway, (Purano Buspark-Section) at ch 153+500, Kalikot	7,130,260.71	178,000.00	3000	NRs 11.00 Million	NRs 7.00 Million

S.N.	Last Date Of Bid Submission	Bids / Technical Bid Opening Date, Time & place	Pre-Bid Meeting	Bid Validity Period	Bid Security Validity	For Serial no (in above table)
1	2022/08/28 (AD) 2079/05/12 upto 12:00 hours	2022/08/28 (AD) 2079/05/12 13:00 hours , Road Division Jumla	2022/08/18 (AD) 2079/05/02 13:00 hrs at office address	90 days from bid submission due date	Minimum 30 days beyond bid validity period	(1) to (8)
2	2022/08/04 (AD) 2079/04/19 upto 12:00 hours	2022/08/04 (AD) 2079/04/19 13:00 hours , Road Division Jumla	2022/08/01 (AD) 2079/04/16 13:00 hrs at office address	90 days from bid submission due date	Minimum 30 days beyond bid validity period	(9)

For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board of Road Division, Jumla or PPMO Website:- www.bolpatra.gov.np/egp

Division Chief